नेपाल सरकार
राष्ट्रिय योजना आयोग
केन्द्रीय तथ्याङ्क विभाग
थापाथली, काठमाण्डौं

# राष्ट्रिय कृषिगणना, २०७८ को लागि सुपरिवेक्षक/गणकहरुको सर्टलिष्ट गरिएको सूचना

(मिति २०७८/१२/१४)

केन्द्रीय तथ्याङ्क विभागको मिति २०७८/११/१० को राष्ट्रिय कृषिगणना, २०७८ को लागि करारमा गणक तथा सुपरिवेक्षक भर्ना लिने सूचना अनुसार तयार गरिएको अनलाइन जनशक्ति व्यवस्थापन प्रणालीमा सुपरिवेक्षक/गणक पदको लागि प्राप्त भएका दरखास्त फारामहरुमध्ये विभागको मिति २०७८/१२/११ को निर्णय बमोजिम स्थानीय तह अनुसार संलग्न सूची बमोजिमका उम्मेदवारहरु सर्टलिष्ट गरिएको व्यहोरा जानकारी गराइन्छ । सर्टलिष्टमा परेका सुपरिवेक्षक/गणकहरुको नामावली केन्द्रीय तथ्याङ्क विभागको वेवसाइट www.cbs.gov.np वा www.agricensus.cbs.gov.np वा सम्बन्धित प्रदेश/जिल्ला कृषिगणना कार्यालयमा हेर्न सकिनेछ ।

१. **सम्पर्क राख्ने समय र आवश्यक कागजातहरु :**

फाराम भर्दा पेश गरेको नागरिकताको सक्कल प्रति, लब्धांक पत्रको सक्कल प्रति, कृषि/पशु/तथ्याङ्क विषय लिएको भनी पेश गरेको भए सो को सक्कल प्रति र राष्ट्रियस्तरका गणना तथा सर्वेक्षणहरुमा काम गरेको भनी पेश गरेको भए अनुभव प्रमाणपत्रका सक्कलप्रतिहरु लिई **२०७८ चैत्र १५ गते देखि १९ गते भित्र** सम्वन्धित प्रदेश/जिल्ला कृषिगणना कार्यालयमा सम्पर्क गरिसक्नु पर्नेछ ।

२. **सर्टलिष्ट गर्दा प्रयोग भएको मापदण्ड :**

क) सुपरिवेक्षकको लागि

न्यूनतम शैक्षिक योग्यताको मार्कशिटमा उल्लेखित नम्बरको लागि ४०%, कृषि, पशु वा तथ्यांक विषय लिई स्नातक तह उत्तिर्ण गरेकाको लागि थप २०%, राष्ट्रियस्तरका गणना तथा सर्वेक्षणहरुमा काम गरेको अनुभवको लागि १०%, स्थानीय क्षेत्रको लागि २५%, स्थानीय भाषाको ज्ञान भएकाको लागि ५% कायम गरी श्रेणीक्रम (मेरिट लिष्ट) कायम गरिएको छ ।

ख) गणकको लागि

न्यूनतम शैक्षिक योग्यताको मार्कशिटमा उल्लेखित नम्बरको लागि ५०%, कृषि वा पशु विज्ञान विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेकाको लागि थप १०%, राष्ट्रियस्तरका गणना तथा सर्वेक्षणहरुमा काम गरेको अनुभवको लागि १०%, स्थानीय क्षेत्रको लागि २५%, स्थानीय भाषाको ज्ञान भएकाको लागि ५% कायम गरी श्रेणीक्रम (मेरिट लिष्ट) कायम गरिएको छ ।

३. **प्रदेश/जिल्ला कृषिगणना कार्यालयले सुपरिवेक्षक/गणक नियुक्ति गर्दा अपनाउने प्रक्रिया :**

विभागिय निर्णय अनुसार सर्टलिष्ट भएका सुपरिवेक्षक/गणकहरुले अनलाइन फारम भर्दा पेश गरेका विवरणहरु सम्बन्धित प्रदेश/जिल्ला कृषिगणना कार्यालयले **सक्कल कागजातसंग अनिवार्य रुजु गरी ठीक भएमा मात्र** नियुक्तिको आवश्यक प्रकृया पुऱ्याई विभागले त्यस जिल्ला अर्न्तगतका पालिकालाई तोकेको संख्यामा सुपरिवेक्षक/गणकहरुको छनोट गर्नु पर्नेछ ।

४. अन्तिम छनोट भएका सुपरिवेक्षक/गणकहरुलाई कृषिगणनाको स्वीकृत कार्यतालिका अनुसार **चैत्र २४ भित्र नियुक्ति** दिई कृषिगणना कार्यमा संलग्न गराउनुपर्नेछ ।